# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, पुस १८ गते, २०७९ साल (संख्या ५१

## भाग ३

### नेपाल सरकार
### गृह मन्त्रालयको
### सूचना

**कारागार (पन्ध्रौं संशोधन) नियमावली, २०७९**

कारागार नियमावली, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कारागार ऐन, २०७९ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "कारागार (पन्ध्रौं संशोधन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **कारागार नियमावली, २०२० मा नियम ७क. थपः** कारागार नियमावली, २०२० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७ पछि देहायको नियम ७क. थपिएको छः-

"७क. **परिचयपत्र उपलब्ध गराउनेः** कारागार कार्यालयले प्रत्येक थुनुवा वा कैदीलाई अनुसूची-१क. बमोजिमको ढाँचामा परिचयपत्र उपलब्ध गराउनेछ ।"

३. **मूल नियमावलीको नियम २२ मा संशोधनः** मूल नियमावलीको नियम २२ को,-

(१) उपनियम (१) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन्:-

"(क) पुरुषलाई जाडो समयमा ज्याकेट एक र सुरुवाल एक तथा गर्मी समयमा कमिज एक र सुरुवाल एक वा मौसम अनुसार सो सरहका कपडा समेत गरी जम्मा वर्षको दुई पटक,

(ख) महिलालाई कुर्था, सुरुवाल वा धोती र चोलो वा मौसम अनुसार सो सरहका

कपडा समेत गरी जम्मा वर्षको दुई पटक,"

(२) उपनियम (४) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ:-

"(क) प्रत्येक कैदी वा थुनुवालाई पाँच किलो कपास बराबरको सिरक एक तथा पाँच किलो कपास बराबरको डसना एक र तन्ना एक हरेक दुई वर्षमा एक पटक,

तर कैदी वा थुनुवाले आफूखुशी सिरक डसना व्यवस्था गर्न चाहेमा उल्लिखित सिरक डसनाको निमित्त पर्न आउने मूल्य बराबरको रकम त्यस्ता कैदी वा थुनुवालाई दिइनेछ ।"

४. **मूल नियमावलीको नियम २४ मा संशोधन**: मूल नियमावलीको नियम २४ मा रहेको "जनाना" भन्ने शब्दको सट्टा "महिला" भन्ने शब्द राखी सोही नियमको खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ:-

"(छ) एक सुत्केरी अवधिको लागि नगद दुई हजार रुपैयाँ ।"

५. **मूल नियमावलीको नियम २९ मा संशोधन**: मूल नियमावलीको नियम २९ को,-

(१) उपनियम (१) र (१क) झिकिएका छन् ।

(२) उपनियम (२) मा रहेका "उपनियम (१) बमोजिम" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानून बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (२क) मा रहेका "उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि असल चालचलन भएका पैंसट्ठी वर्ष उमेर पुगेका कैदीहरुको हकमा पचहत्तर प्रतिशतसम्मको कैद सजाय छोट्याउन वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) उपनियम (३) मा रहेका "उपनियम (१), (२) र (२क)" भन्ने शब्दहरुको सट्टा "उपनियम (२) र (२क)" भन्ने शब्दहरु राखिएका छन् ।

(५) उपनियम (४) मा रहेका "क्षेत्रीय प्रशासन कार्यालयलाई समेत दिनु पर्नेछ। यसरी जानकारी प्राप्त भएपछि क्षेत्रीय प्रशासन कार्यालयले आफ्नो रायसाथ" भन्ने शब्दहरु झिकिएका छन् ।

६. **<u>मूल नियमावलीको नियम ४३ मा संशोधन</u>**: मूल नियमावलीको नियम ४३ मा रहेको "जिल्ला प्रहरी कार्यालय वा जि.पु.इ.आर र" भन्ने शब्दहरुको सट्टा "जिल्ला प्रहरी कार्यालय," भन्ने शब्दहरु राखिएका छन्।

७. **<u>मूल नियमावलीको नियम ४९ मा संशोधन</u>**: मूल नियमावलीको नियम ४९ को,-

(१) उपनियम (१) मा रहेका "दफा तथा थुनामा रहँदा खाएको सिधाको श्रेणी समेत खुलाई" भन्ने

शब्दहरुको सट्टा "दफा समेत खुलाई रमाना पत्र दिई" भन्ने शब्दहरु राखिएका छन।

(२) उपनियम (२) को सट्टा देहायको उपपनियम (२) राखिएको छः-

"(२) कारागार कार्यालयले अन्य कारागारबाट स्थानान्तरण भई आएका कैदी वा थुनुवा बुझिलिई सोको जानकारी कारागार व्यवस्थापन विभागमा पठाउनु पर्छ।"

(३) उपनियम (४), (५) र (६) झिकिएका छन् ।

८. **<u>मूल नियमावलीको अनुसूचीमा संशोधन</u>**ः मूल नियमावलीको,-

(१) अनुसूची-१ पछि संलग्न अनूसूची-१क. थपिएको छ।

(२) अनुसूची-३ को,-

(क) खण्ड (क) मा रहेका "साठी रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "असी रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ख) को ठाउँ ठाउँमा रहेका "पैतिस रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पचास रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

"अनुसूची-१क.

(नियम ७क. सँग सम्बन्धित)

**<u>थुनुवा वा कैदी परिचयपत्रको ढाँचा</u>**

**...................... कारागार कार्यालय**

.........................................

**थुनुवा/कैदी परिचयपत्र**

परिचय पत्र नं..

पूरा नाम, थर........................

लिङ्गः ..........................

स्थायी ठेगानाः ................................................

नागरिकता/राहदानी/ अन्य परिचयपत्र नं (...........) ..................लगत नं...............

ब्लड ग्रुपः .......................राष्ट्रियताः .......................................................

हुलिया वा चिन्हः......................................................

परिवारको सम्पर्क व्यक्ति र सम्पर्क नं................................ मुद्दाः

............................................................

कैद अवधि (कैदीको हकमा): ............... ........... देखि ..................सम्म

बा[illegible]तख[illegible]को छापः .........................

दायाँ बायाँ

फोटो

जेलरको दस्तखतः...............

पूरा नाम, थरः.............

मितिः.........................

**आज्ञाले,**

**विनोद प्रकाश सिंह**

**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३